श्री समाचार सम्पादकज्यू ,

................................ ।

नेपाल टेलिकमको आठौं वार्षिकोत्सवका अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम सम्बन्धी यसैसाथ सम्लग्न प्रेस विज्ञप्ती/फोटो/सिडी प्राप्त गरी प्रचारप्रसार गरिदिनहुन अनुरोध छ ।

# प्रेस विज्ञप्ती

नेपाल टेलीकमको आठौं वार्षिकोत्सवका अवसरमा आज २०६८ माघ २१ गते काठमाडौमा जनचेतनामूलक प्रभातफेरी कार्यक्रम सम्पन्न गरियो । माघ २२ गते कम्पनीको वार्षिकोत्सव हो । प्रभातफेरी कार्यक्रम विहान ८ बजे काठमाडौ वसन्तपुरबाट शुरु भई न्यूरोड गेट-वीर अस्पताल-रत्नपार्क-जमल-घण्टाघर-वागबजार-पुतलीसडक-प्रदर्शनीमार्ग हुँदै केन्द्रीय कार्यालयमा पुगेर सम्पन्न भएको थियो । नेपाल टेलिकमका सेवाहरुको प्रचार प्रसार तथा जनचेतना अभिबृद्धिका लागि कम्पनीले सो कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा कम्पनीका बहालवाला तथा पूर्वकर्मचारीहरु र उपभोक्ताहरुको सहभागिता रहेको थियो ।

प्रभातफेरी कार्यक्रमको समापनका अवसरमा कम्पनीका प्रबन्ध निर्देशक अमरनाथ सिंहले विभिन्न चुनौतीका बीच कम्पनीले मुलुकभर विविध किसिमका दूरसञ्चार सेवाहरु प्रदान गरिरहेको र भविष्यमा अझ गुणस्तरीय तथा प्रभावकारी सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

२०६८।१०।२१

सुरेन्द्र प्रसाद थिके

प्रबक्ता

नेपाल टेलिकम